

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क १११ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० बैशाख २२ गते शुक्रबार ❑ 5 May 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## मुख्यमन्त्री पाण्डेलाई विश्वासको मत

**पोखरापत्र संवाददाता**
पोखरा, २१ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गण्डकी प्रदेशसभाबाट विश्वासको मत पाउनुभएको छ।



गण्डकी प्रदेशसभाको बिहीबारको बैठकमा उहाँले माग्नुभएको विश्वासको मतको प्रस्तावका पक्षमा ३५ मत प्राप्त भएको हो । उहाँलाई नेपाली कांग्रेसका २७, नेकपा (माओवादी केन्द्र)का सात र नेकपा (एकीकृत समाजवादी) को एक गरी ३५ मत प्राप्त भएको छ। प्रस्तावका विपक्षमा नेकपा (एमाले)का २२ प्रदेशसभा सदस्यको मत परेको छ भने राष्ट्रिय प्रजातन्त्र पार्टीका दुई जना प्रदेशसभा सदस्य तटस्थ बस्नुभएको छ। प्रदेशको मुख्यमन्त्रीमा यही वैशाख १४ गते नियुक्त हुनुभएका पाण्डेले १५ गते पद तथा गोपनीयताको शपथ लिनुभएको थियो । विश्वासको मत पाएसँगै पत्रकारसँगको भेटघाटमा मुख्यमन्त्री पाण्डेले अब सरकारका काम तीव्ररूपमा अघि बढ्ने बताउनुभयो । मन्त्रिपरिषद्लाई चाँडै नै पूर्णता दिने बताउँदै उहाँले यस सम्बन्धमा गठबन्धनका दलबीच छलफल भइरहेको जानकारी दिनुभयो ।

सरकारका तर्फबाट आगामी नीति तथा कार्यक्रमको गृहकार्य भइरहेको उहाँको भनाइ थियो । पत्रकारको अर्को जिज्ञासामा उहाँले पछिल्ला समयमा अल्पमतको कामचलाउ सरकार भइसकेपछि केही योजनालाई बढाएको पाइएको बताउनुभयो। ती योजना आवश्यकताका आधारमा या राजनीतिक आग्रहका आधारमा बढाइएको सम्बन्धमा पुनःविचार गरिने उहाँले बताउनुभयो ।

## सम्पदालाई आयआर्जनसँग जोड्नुपर्छ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, २१ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्राकृतिक सम्पदालाई आयआर्जनसँग जोडेर लानुपर्ने बताउनुभएको छ।

ताल संरक्षण तथा विकास प्राधिकरण गण्डकी प्रदेशद्वारा पोखरामा आयोजित तीन दिने तालसम्मेलनको बिहीबार यहाँ शुभारम्भ गर्नुहुँदै उहाँले तालतलैयाको संरक्षणसँगै यसलाई आयआर्जनको स्रोतको रुपमा विकास गरेर जीविकोपार्जनसँग जोडेर लैजानुपर्दछ भन्नुभयो । मुख्यमन्त्रीपाण्डेले जङ्गलमा काठ कुहिएर जाने विदेशबाट काठ आयात गर्नुपर्ने अवस्थाले अर्थतन्त्रमा असर पारेको जनाउँदै अब यसतर्फ सोच्नुपर्ने बेला आएको बताउनुभयो।

उहाँले पोखराको सुन्दरतासँगै तालतलैयाको संरक्षणका लागि सबैको साझा सोच र उद्देश्य अनुरुपको कार्यमा सहकार्य र समन्वयको आवश्यतामा जोड दिनुभयो । उहाँले भन्नुभयो,'' अब देखिने, सुनिने र बोलिने विकासको नीति अवलम्बन गर्नुपर्छ, प्राकृतिक सम्पदाको संरक्षण सम्बद्धनसँगै सीमित स्रोत-साधनको अधिकतम उपयोग गरेर जीविकोपार्जनसँग जोड्ने अबका कार्यक्रम तय गरिनुपर्छ ।" कार्यक्रममा पोखरा महानगरापालिकाका प्रमुख धनराज आचार्य पोखराको पहिचान र सुन्दरता भनेको तालतलैया रहेको र यसको संरक्षण र सम्बद्धनका लागि महानगरबाट नीतिगत पहलसँगै योजना तय भएको बताउनुभयो । उहाँले पोखराका आठ ताल जोड्ने, साइकल ट्रेल, फुट ट्रेल, वाटर स्पोटसलगायतका कार्ययोजना रहेको सुनाउनुभयो ।

उहाँले एसियाली विकास बैंकसँग पोखराको वृहत्तर विकासका लागि वृहत्तर परियोजनाका कार्य सम्झौता भएको जानकारी दिनुभयो । तालप्राधिकरणका उपाध्यक्ष नवराज ओझाले प्राकृति सम्पदाको संरक्षण र सम्बर्द्धनका लागि स्वार्थभन्दामाथि उठेर काम गर्नुपर्ने बताउनुभयो । उहाँले विकासका नाममा भएका विनाशले रामसार सूचीमा सूचीकृत अन्तर्राष्ट्रिय महत्व बोकेका तालतलैया सिमसार पुरिँदै मासिँदै गएकाले अब गम्भीर भएर सोच्नुपर्ने बेला आएको छ भन्नुभयो।

कार्यक्रममा प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत एवम् कार्यक्रमका संयोजक डा कल्पनादेवी देवकोटाले पोखरा उपत्यकाको नौ तालहरुको दिगो विकाससम्बन्धी जानकारी र दृष्टिकोण साझा गदै अनुसन्धानकर्ता, सरकारी नीति निर्माता, ताल व्यवस्थापन समितिका सदस्य र समुदायका सदस्यलाई एकै ठाउँमा ल्याएर कार्य गर्ने उद्देश्य रहेको बताउनुभयो। वन विज्ञान अध्ययन संस्थानका क्याम्पस प्रमुख प्राध्यापक विनोदप्रसाद हेज्यूले ताल व्यवस्थापन सुधार गर्न आवश्यक कदम पहिचान गर्ने र आवश्यता सम्बोधन गर्न अनुसन्धान र सहकार्य गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । बुधबारबाट सुरु भएको सम्मेलनमा पहिलो दिन काठमाडौं विश्वविद्यालयका डा रामदेवी तचामो, लिवर्डका डा बलराम थापालगायतका विषयगत विज्ञको प्रस्तुति रहेको थियो । झण्डै १२ विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्नुभएका विषयविज्ञको प्रस्तुति रहने र तालहरुको भ्रमणसहित सरोकारवालासँग अन्तक्रिया गरेर सम्मेलन सकिने संयोजक डा देवकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार सम्मेलनमा वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पस, पोखरा तथा काठमाडौं विश्व विद्यालयको पनि साझेदारी रहेको छ।

## नवनियुक्त तीन मन्त्रीद्वारा शपथ

**रासस**
काठमाडौं, २१ बैशाख

नवनियुक्त तीन मन्त्रीले पद तथा गोपनीयताको शपथ लिनुभएको छ।

राष्ट्रपति कार्यालय शीतल निवासमा बिहीबार आयोजित विशेष समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलले उहाँहरुलाई शपथ गराउनुभएको हो।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङ, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेत र युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बूले शपथ लिनुभएको हो। राष्ट्रपति पौडेलले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को सिफारिसमा उहाँहरुलाई बुधबार मन्त्री पदमा नियुक्त गर्नुभएको हो । तीन जना नै कांग्रेसका तर्फबाट मन्त्री बन्नुभएको हो । कानुनमन्त्री बन्नुभएका धनराज गुरुङ नेपाली कांग्रेसका उपसभापतिसमेत हुनुहुन्छ भने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहन बस्नेत केन्द्रीय सदस्य हुनुहुन्छ।शपथसमारोहमाअवसरमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री दाहाल, सभामुख देवराज घिमिरे, कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्की, मन्त्रीहरु, संवैधानिक निकायका प्रमुख, सुरक्षा निकायका प्रमुख, उच्च सरकारी कर्मचारीलगायतको सहभागिता थियो ।

## बुद्ध जयन्ती

**रासस**
काठमाडौं, २१ बैशाख

शान्तिका अग्रदूतका रूपमा विश्वमा परिचित सिद्धार्थ गौतमको २५६७औं जयन्ती आज भगवान् विष्णुको नवौं अवतारका रूपमा जन्म लिनुभएका बुद्धको पूजा, आराधना एवं प्रवचन गरी मनाइँदै छ।

प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन बुद्ध जयन्ती मनाइन्छ । सिद्धार्थ गौतमले विश्व शान्ति स्थापनाका लागि पुऱ्याउनुभएको योगदानको स्मरणस्वरूप यो पर्व मनाउने गरिएको हो । बुद्धको जन्म, ज्ञान प्राप्ति, महापरिनिर्वाण (मुत्यु) वैशाख शुक्ल पूर्णिमाकै तिथिमा परेकाले यस दिन नेपाललगायत विश्वका बौद्ध धर्मावलम्बीले बुद्धप्रति भावपूर्ण श्रद्धा र भक्तिले बुद्ध जयन्ती मनाउने गर्दछन् । "अहिंसा नै शान्ति र मैत्रीको आधारशिला हो", यस्ता अनेकौं कालजयी सन्देशका वाहक भगवान् गौतम बुद्धको २५६७औं जयन्ती शान्तिको कामना गर्दै आज देशभर मनाउन लागिएको हो।

## रास्वपालाई सरकारमा ल्याउनुपर्छ : अध्यक्ष नेपाल

**रासस**
काठमाडौं, २१ बैशाख

नेपाल कम्युनिष्ट पार्टी( एकीकृत समाजवादी)का अध्यक्ष एवम पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले राष्ट्रिय स्वतन्त्र पार्टीलाई सरकारमा ल्याउनुपर्ने बताउभएको छ।

बिहीबार कैलालीको धनगढीमा आयोजित पत्रकार सम्मेलनमा उहाँले प्रधानमन्त्रीलाई रास्वपालाई सरकारमा ल्याउँदा राम्रो हुने सुझाव दिएको बताउनुभयो। "राष्ट्रिय स्वतन्त्र पार्टीलाई पहिले पनि सरकारमा ल्याउने विषयमा सहमति भइसकेको थियो, अब गठबन्धनमा छलफल गरी यसबारे टुङ्गो लगाइनेछ", उहाँले भन्नुभयो । रवि लामिछाने गृहमन्त्रालयकै जिम्मेवारीमा फर्के पनि राहदानी दुरुपयोग विषयमा भने प्रभाव पार्न नमिल्ने उहाँको भनाइ छ। उहाँले विश्वमा देखिएको आर्थिक मन्दीको प्रभाव नेपालमा पनि देखिएकाले देशको अर्थतन्त्रमा सुधार गर्नुपर्ने बताउनुभयो। सरकारले अनावश्यक खर्च कटौती गरी जनजीविकासँग प्रत्यक्ष जोडिएका विषयमा काम गर्नुपर्ने बताउनुभयो । अध्यक्ष नेपालले वर्तमान गठबन्धन लामो सयमसम्म टिक्ने दाबी गर्नुभयो।

## विविधता बीचको एकताबाट राष्ट्रिय एकता सबल : प्रदेश प्रमुख गुरुङ

**रासस**
काठमाडौं, २१ बैशाख

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले विविधता बीचको एकताबाट राष्ट्रिय एकतालाई मजबुत बनाउन सकिने बताउनुभएको छ। २५६७औं बुद्ध जयन्तीको अवसरमा शुभकामना सन्देश जारी गर्दै उहाँले गौतम बुद्धका प्रेरणादायी उपदेश र मार्गदर्शनको परिपालना गर्न सकेमा धार्मिक, सामाजिक तथा साँस्कृतिक विविधताबीच सहिष्णुता र सद्भाव कायम गर्दै राष्ट्रिय एकतालाई

बाँकी अन्तिम पृष्ठमा ▶▶

## स्वकीय सचिवहरुलाई गण्डकी प्रदेश सभाको दुई दिने तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २१ बैशाख

प्रदेश सभा सचिवालय गण्डकी प्रदेशले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको सहकार्यमा प्रदेश सभा पदाधिकारी तथा सदस्यका स्वकीय सचिवहरुलाई दुई दिने अभिमुखीकरण तालिम प्रदान गरेको छ।



बुधवार र बिहीबार गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको सभा हलमा सम्पन्न कार्यक्रममा गण्डकी प्रदेशमा प्रतिनिधित्व गर्ने सांसदहरुका स्वकीय सचिवहरु तालिममा सहभागी थिए। तालिम समापन कार्यक्रममा बोल्दै गण्डकी प्रदेशका सभामुख माननीय कृष्ण प्रसाद धितालले स्वकीय सचिवको भूमिका हरेक प्रदेश सदस्यहरुको निम्ति महत्वपूर्ण हुने भएकाले सचिवालय व्यवस्थापनमा यस तालिमले अझ प्रभावकारी भूमिका खेल्ने अपेक्षा गर्नुभयो । तालिममा सिकेका कुराहरुलाई सही सदुपयोग गरी माननीयहरुको दैनिक कामकाज सहज बनाउन, राज्य सञ्चालनरविकासकागतिविधीहरुबारे सरकार र जनताबिच समन्वय गर्न यस्ता तालिमको आवश्यकता देखेर नै प्रदेश सभाले तालिमको आयोजना गरेको उल्लेख गर्नुभयो।

आगामी दिनमा अझ आवश्यकताका आधारमा थप तालिमहरु स्वकीय सचिवहरुलाई दिन सकिने भन्दै वर्तमान समयको प्रविधिमैत्री सिकाई र प्रविधियुक्त सचिवालय व्यवस्थापनमा सबैले प्राथमिकता दिन आग्रह गर्नुभयो । तालिममा स्वकीय सचिवको भूमीका, काम कर्तव्य र अधिकार, सचिवालय व्यवस्थापन, चिठी पत्र र विज्ञप्ति, अनुशासन र आचरण लगायत सञ्चार, समन्वय र जनसम्पर्क जस्ता विविध विषयवस्तुबारे विषयगत प्रशिक्षकहरुवाट प्रशिक्षण गरिएको थियो । कार्यक्रममा सचिवालयका आधार भूत कार्य, दर्ता चलानी, अभिलेख व्यवस्थापनका विषयमा प्रशिक्षक द्वय बाबुराम न्यौपाने र कुमार रिजाल, सञ्चार, समन्वय र जनसम्पर्कबारे माननीय लिलबहादुर थापा, कार्य तालिका व्यवस्थापन तथा प्राथमिकता निर्धारणबारे भक्तराज रसाईली, दस्तावेज तथा कागजात तयारी, भाषण तथा विज्ञप्तिबारे भरतराज कोईराला, सूचना प्रविधि व्यवस्थापन, इमेल इन्टरनेट तथा सामाजिक सञ्जालबारे बाबुराम न्यौपाने, आतिथ्यता व्यवस्थापनबारे डा. विनोद विन्दु शर्मा र अनुशासन तथा आचरणबारे विष्णुप्रसाद लामिछानेले प्रशिक्षण दिनुभएको थियो । तालिमपछि प्रशिक्षार्थीहरुले प्रदेश सभाले तालिम प्रदान गरेकोमा खुसी व्यक्त गर्दै तालिमवाट सिकेका ज्ञान र सीपलाई प्रयोग गरी माननीयहरुको दैनिक काम कारबाही तथा सचिवालय व्यवस्थापनमा लागु गर्ने प्रतिबद्धता जनाएका थिए । छोटो समयको तालिम भए पनि फलदायी र निकै आवश्यक तालिम भएकाले यस्ता प्रकारका अन्य तालिमहरुको पनि अपेक्षा गरिएको प्रशिक्षार्थीहरु बताउँछन्।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# पोखरा स्पोर्ट्स अवार्डको ट्रफी सार्वजनिक, तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, २१ बैशाख

सातौं संस्करणको पोखरा स्पोर्ट्स अवार्डको ट्रफी सार्वजनिक गरिएको छ । आयोजक नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी बिहिबार पोखरामा पत्रकार सम्मेलन कार्यक्रमको आयोजना गरी ट्रफी सार्वजनिक गरेको हो ।

अवार्डको ट्रफी प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव घनश्याम पौडेल, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल, पूर्व अध्यक्षद्धय विनोद लामिछाने र केशव पाठक, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी, छेटौं संस्करणको पोखरा स्पोर्ट्स अवार्डमा लाइफ टाइम अचिभमेन्ट अवार्डबाट सम्मानित गणेश बहादुर भट्टराई र पश्चिमाञ्चल खेलकुद विकास समितिका निर्देशक कृष्ण तिमिल्सीनाले संयुक्त रुपमा सार्वजनिक गरेंका थिए ॥

यहीं बैशाख २३ गते शनिबार दिउँसो २ बजेपछि पोखरा सभागृह हलमा सुरु हुने अवार्ड कार्यक्रमको तयारी पुरा भएको मञ्चका महासचिव राजाराम पौडेलले जनाए ।

यसपाली स्पोर्ट्स अवार्डमा कुल ७ वटा विधामा अवार्ड वितरण गरिनेछ । यसरी वितरण गरिने अवार्डको विधामा वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, लाइफ टाइम अचिभमेन्ट अवार्ड, उदियमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेलकुद संस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकार विधा रहेका छन् । यि मध्येमा वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी गरेर चारवटा विधाको उत्कृष्ट तीन मनोनयन सार्वजनिक भैसकेको छ । जस अनुसार वर्ष खेलाडी पुरुष तर्फ क्रिकेटका करण केसी, आर्चरीका गंगाबहादुर कुँवर र टेनिसका प्रदिप खड्का मनोनयनमा परेका छन् । वर्ष खेलाडी महिलातर्फ आर्चरीकी रोजीना थापा मगर, फुटवलकी सावित्रा भण्डारी र आइटिएफ तेक्वान्दोकी सुस्मिता थापा मगर रहेका छन्। वर्ष खेलाडी पुरुष र वर्ष खेलाडी महिला हुन सफल खेलाडीले टेल्जि नेपालको टाइगर इलेक्ट्रिक स्कुटर र ट्रफी हात पार्नेछन् । उदीयमान खेलाडीतर्फ भलिवलका रवि केसी, फुटवलका सुमित श्रेष्ठ र क्रिकेटका सुवास भण्डारी रहेका छन् । वर्ष उत्कृष्ट प्रशिक्षक तर्फ आर्चरीका किशोर कुमार गुरुङ, लनटेनिसका निरज थापा र आइटिएफ तेक्वान्दोका सुरज सुनार छन् । वर्ष उत्कृष्ट उदीयमान खेलाडी र वर्ष उत्कृष्ट प्रशिक्षक तर्फका विजेताले नगद ३५ हजार रुपैयाँको साथमा ट्रफी पाउने छन् । उत्कृष्ट ३ को मनोनयन सूचीमा परेकाहरुलाई मनोनयन ट्रफी प्रमाणपत्र प्रदान गरिनेछ । यस्तै यो वर्षको लाइफटाइम अचिभमेन्ट अवार्ड बक्सिङ प्रशिक्षक विद्या प्रसाद मर्सानीलाई प्रदान गर्ने घोषणा भैसकेको छ । मर्सानीलाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्ला सम्मान गरिनेछ । वर्ष उत्कृष्ट खेल संस्था वा क्लबतर्फको अवार्ड कास्की जिल्ला ह्यान्डबलसंघलाई प्रदान गरिनेछ । वर्ष उत्कृष्ट खेल पत्रकारतर्फको अवार्ड घोषणा हुन बाँकी छ । वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट पत्रकार तर्फका अवार्ड विजेताले नगद ३५ हजार रुपैयाँको साथमा ट्रफी पाउने छन् ।



यसैगरी नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताकै क्रममा दुर्घटनामा परी गत असोज ३० गते निधन भएका प्याराग्लाइडिङ खेलाडी निसिम थापाको योगदानको कदर गर्दै कीर्तिशेष सम्मान गर्ने मञ्च गण्डकीका महासचिव पौडेलले बताए । लाइफटाइम अचिभमेन्ट अवार्डको पुरस्कार सुपर मादी हाइड्रोपावर, उदीयमान खेलाडीको पुरस्कार सहारा क्लब पोखरा, उत्कृष्ट प्रशिक्षकको पुरस्कार ह्यूस्टन एजुकेसन, उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब तर्फको पुरस्कार टाईगर गुप्र अफ पोखरा नेपाल तथा उत्कृष्ट खेल पत्रकारको पुरस्कार रामबजार निवासी स्व.सेनानी हेमबहादुर पुनको परिवारले प्रायोजन गर्ने सम्झौता भएको छ ।

अवार्ड कार्यक्रमको थप आर्कषणको रुपमा कमेडी च्याम्पियनबाट चर्चामा आएका स्याङजाका मेक्सम गौडेलको स्ट्यान्ड अप कमेडी प्रस्तुती रहनेछ । यसैगरी भेटियो सान्नानी सोल्टिबजारमा गीतबाट थप चर्चामा आएका लोक दोहोरी गायक निश्चल दवाडीको गायन प्रस्तुती, हिमाली सांस्कृतिक परिवार तथा सारेगम कला केन्द्रको नृत्य प्रस्तुती, डेमोस्ट्रेसन लगायत अवार्ड कार्यक्रमका थप आर्कषण हुन् ।

अवार्ड कार्यक्रमका लागि गण्डकी प्रदेश सरकारको विषेश सहयोग रहेको छ । अवार्ड कार्यक्रमलाई सफल बनाउन मञ्चलाई अन्य विभिन्न क्षेत्रबाट सहयोग प्राप्त भएको मञ्चले जनाएको छ । यसरी सहयोग गर्नेमा पोखरा महानगरपालिका, राष्ट्रिय खेलकुद परिषद, प्रदेश खेलकुद परिषद गण्डकी, सिटिजन फर्निचर ट्रेड लिंक, आभ्या क्लब, परिचय एड्भर्टाइजिङ, नेपाल पर्यटन बोर्ड, टेल्जि नेपाल, तमु धिं युके, मभ्केरी रिर्सोट एण्ड स्पा, सहारा युके, सहारा युकेका संस्थापक सल्लाहकारद्वय महेश गुरुङ र लोक बहादुर गुरुङ, भलिबलका पूर्व राष्ट्रिय खेलाडी तथा प्रशिक्षक मञ्जु गुरुङ, पूर्व राष्ट्रिय खेलाडी तथा समाजसेवी रुपक गुरुङ, रामबजार सोसाइटि युकेका अध्यक्ष राम गुरुङ, समाजसेवी चिनकाजी गुरुङ, पोखरेली मञ्च युकेका सल्लाहकार नरजङ्ग गुरुङ, मञ्चका पूर्व अक्ष्यक्ष प्रेमनारायण न्यौपाने, सञ्चारकर्मी गोविन्द थापा सिञ्जाली रहेका छन् । नेपाल औषधी व्यसायी संघ कास्की, अन्नपूर्ण गाउँपालिका, माछापुच्छे गाउँपालिका, रुपा गाउँपालिका, मादी गाउँपालिका, केल्मीको नेपालको लागि आधिकारीक बिक्रेता कामारु ट्रेडिङ प्रा.लि., हाम्रो हस्तकला काठमाण्डौं, बतास अर्गनाइजेसन, नेपाल मुआथाई संघ गण्डकी, बिजी ट्रेड लिंक, सरुमा चुलो, भूतपूर्व खेलाडी मञ्च, नेपाल हवाई खेलकुद संस्था, सहारा हङकङ, क्लासिक चुलो, वल्ड लिंक, होटल बाराही, फुडमाण्डु, पोखरा महानगरपालिका वडा नं.३, ४, ९, १२ र १५, पश्चिमाञ्चल सामुदायिक अस्पताल, रुपाकोट सुनचाँदी पसल, हाम्रो पोखरा सोफा होम, ओम बुद्ध नर्सरी कर्मचार्य ग्रुपको कोसेली तेल, सिर्जना विकास केन्द्र, नेपाल टेलिकम पोखरा, नेपाल आयल मिल, बुमराङ रेष्टुरेन्ट, टेनिस संघ, पोखरा उद्योग वाणिज्य संघ, अटोवेज प्रालि, एसके साउण्ड एण्ड म्युजिक पोखरा, युनाइटेड क्लब, यति एयरलाइन्स, आँगन स्विट न्युरोड, निसिखोला गाउँपालिका, तमानखोला गाउँपालिका लगायतले समेत सघाउने तय भैसकेको छ । अवार्ड कार्यक्रमको पब्लिक फोर के टेलिभिजनबाट प्रत्यक्ष प्रसारण हुनेछ । जसका लागि टेलिभिजनसँग सहकार्य गरिएको मञ्चले जनाएको छ । प्रवेश निःशुल्क रहने अवार्ड कार्यक्रममा उपस्थित भएर खेलाडी, प्रशिक्षक तथा आयोजकलाई हौसला बढाउन सम्पूर्ण सञ्चारकर्मी र खेलप्रेमीलाई मञ्चले अनुरोध गरेको छ ।

मञ्चका अध्यक्ष बरालको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश खेलकुद परिषदका सदस्य सचिव पौडेल, मञ्चका उपाध्यक्ष सुरज श्रेष्ठ र महासचिव पौडेल लगायतले बोलेका थिए । मञ्च गण्डकी, गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारको साझा संस्था हो । यो २०५७ सालमा खेलकुद पत्रकार मञ्च कास्कीका रुपमा स्थापना भएको थियो । देश संघीयतामा गएसँगै यसलाई नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी प्रदेशका रुपमा स्तोरोन्नति गर्दै स्वायत्त संस्थाको रुपमा विकास गरिएको छ । हाल ७४ जना पत्रकार मञ्चमा आवद्ध छन् । खेलाडीलाई उर्जा थप्न नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले २०७२ सालदेखि हरेक वर्ष पोखरा स्पोर्ट्स अवार्ड गर्दै आएको छ ।



धार्मिक पर्यटन :
पोखराको तालबाराही मन्दिर परिसरमा बिहीबार देखिएको पर्यटकीय चहलपहल ।
तस्बिर : रामबहादुर थापा/रासस

# ट्रकको ठक्करबाट घाइते छ बालबालिकाको अवस्था सुधार

**पोखरापत्र संवाददाता**
दमौली, २१ बैशाख

विद्यालय जान सडक छेउ बस कुरिरहेका बेला तनहुँको बन्दीपुर गाउँपालिका-५ आँधीखोलामा ट्रकको ठक्करबाट घाइते छ बालबालिकाको स्वास्थ्यमा सुधार आएको छ ।

पृथ्वीराजमार्ग अन्तर्गत डुम्रेबाट मुग्लिनतर्फ जाँदै गरेको ना४ख १९७३ नम्बरको ट्रकको ठक्करबाट बुधबार घाइते भएका छ बालबालिकाको चितवनस्थित पुरानो मेडिकल कलेजमा उपचार भइरहेको तनहुँ जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक मोहनबहादुर खाँणले जानकारी दिनुभयो । उहाँका अनुसार ती बालबालिकाको स्वास्थ्यमा सुधार आएको छ् । दुर्घटनामा बन्दीपुर गाउँपालिका-५ बस्ने छ वर्षीया आयुषा भुजेल, दस वर्षीया जस्मिन भुजेल, दस वर्षीय ईश्वर भुजेल, आठ वर्षीय समीर भुजेल र पाँच वर्षीय सन्तोष भुजेल घाइते भएका थिए ।

उक्त दुर्घटनामा सोही ठाउँका १२ वर्षीय आयुष भुजेल, ५० वर्षीय चेतबहादुर घर्ती र ६९ वर्षीय सनबहादुर भुजेलको मृत्यु भएको थियो । मृत्यु भएकामध्ये एक बालक र घाइते छ बालक आँबुखैरेनी गाउँपालिका-१ सत्रसयस्थित मित्रता माध्यमिक विद्यालयमा अध्ययनरत छन् । बालबालिका सधैँ झैँ उक्त दिन पनि विद्यालय जान बिहान ९:३० बजे सडक छेउमा उभिएका थिए ।

यत्तिकैमा अचानक डुम्रेबाट आएको ट्रकले बालबालिकालाई ठक्कर दियो । उक्त ट्रकले बालबालिकासँगै सडक छेउमै रहेको एक घरमा पनि ठक्कर दियो । ठक्करबाट विद्यालय जान तयारी गरिरहेका विद्यार्थी र अन्य दुई जना घाइते भएका थिए । उक्त घटनाप्रति बन्दीपुर गाउँपालिकाले दुःख व्यक्त गरेको छ । दुर्घटनामा मृत्यु भएका तीन जनाप्रति समवेदना व्यक्त गर्दै गाउँपालिकाले घाइतेको स्वास्थ्यलाभको कामना गरेको छ ।

गाउँपालिकाका प्रवक्ता शिवकुमार श्रेष्ठले आज जारी गर्नुभएको शोक वक्तव्यमा भनिएको छ, "मृतात्माको चीरशान्तिको कामना गर्दै उक्त दुर्घटनामा परी घाइते भएकाको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौँ ।" घाइतेको उद्धार तथा उपचारमा संलग्न व्यक्ति, सुरक्षाकर्मी, चिकित्सक, स्थानीय जनप्रतिनिधि, सङ्घसंस्थाका प्रतिनिधि र स्थानीय जनसमुदायमा गाउँपालिकाले आभार व्यक्त गरेको छ ।

# गृहमन्त्री श्रेष्ठद्वारा अस्थायी प्रहरीचौकीको भवन उद्घाटन

**पोखरापत्र संवाददाता**
गोरखा, २१ बैशाख

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ (प्रकाश)ले गोरखाको सिरानचोक गाउँपालिका-५, स्थित चित्रेपोखरीमा अस्थायी प्रहरी चौकी चित्रेपोखरीको नवनिर्मित भवनको शुक्रबार उद्घाटन गर्नुभएको छ ।

चित्रेपोखरीमा हालै निर्माण सम्पन्न पाँच कोठे प्रहरीचौकीको उद्घाटन गर्नुभएको हो । गाउँपालिकाले जग्गा र बजेट उपलब्ध गराएपछि अस्थायी प्रहरी चौकीको भवन निर्माण गरिएको हो । गाउँपालिकाले विनियोजन गरेको रु २४ लाख ८० हजार तीन सय ७५ मा भवन निर्माण भएको प्रमुख प्रशासकीय अधिकृत उमेशकुमार यादवले जानकारी दिनुभयो । नवनिर्मित उक्त भवनमा थुनुवा कक्षसमेत रहेको उहाँले बताउनुभयो । उपप्रधानमन्त्री श्रेष्ठले नवनिर्मित भवन जिल्ला प्रहरी कार्यालय गोरखालाई हस्तान्तरण गर्नुभएको गोरखाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक (एसपी) अनुपम श्रेष्ठले बताउनुभयो ।

गाउँपालिकाभित्र रहेको चोरकाटे प्रहरीचौकी र धारापानी प्रहरीचौकीलाई एक-एक थान मोटरसाइकलसमेत उपलब्ध गराएको जिल्ला प्रहरी कार्यालय गोरखाले जनाएको छ ।

# विविधता...

सुदृढ एवं सवल बनाउन सकिने विश्वास व्यक्त गर्नुभयो । "वैशाख शुक्ल पूर्णिमाको दिन गौतम बुद्धको त्रि-संयोग अर्थात् जन्म, ज्ञान प्राप्ति र महापरिनिर्वाण एकैदिन परेकाले आजको तिथिलाई विश्वभरका बौद्ध धर्मावलम्बीहरूद्वारा उहाँप्रति श्रद्धा एवं भक्तिभाव व्यक्त गर्ने पावन दिवसका रूपमा बुद्ध जयन्ती मनाउने गरिन्छ", सन्देशमा भनिएको छ । यस दिनले विविधता बीच एकताको खोजी गर्दै आपसी मेलमिलापका साथ शान्ति र प्रगतिको पथमा अघि बढ्न हामी सबैलाई उत्साह, उमङ्ग र प्रेरणा प्रदान गर्ने प्रदेश प्रमुख गुरुङले उल्लेख गर्नुभएको छ ।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।

- विदुरनीति

## सम्पादकीय

# अदालतको आदेशअनुसार चल

नेपालीको भान्सामा विषादी तरकारी पुगेको धेरै भएको छ । नेपाली जनतालाई विषादीबाट जोगाउने भनेर सरकारले चासो दिएको छैन । भारतबाट आउने फलफूल र तरकारीको भन्सारमा विषादी परिक्षण हुँदैन । हुनुपर्छ भन्ने आवाजलाई कमजोर छ । सरकारले नागरिकका आवाज नसुनेपछि सर्वोच्च अदालतले सुन्न बाध्य भएको छ । सर्वोच्च अदालतले दुई महिनाभित्र भारतलगायतका देशबाट आउने तरकारी र फलफूलको विषादी परीक्षण गरी अदालतमा प्रतिवेदन पेस गर्न परमादेश गरेको छ । न्यायाधीशद्वय शुष्मालता माथेमा र नहकुल सुवेदीको इजलासले बिहीवार यो आदेश गरेको छ । अदालतले यस विषयमा चार बुँदे निर्देशनसमेत दिएको छ ।

'नेपालमा पैठारी हुने तरकारी तथा फलफूलमा प्रयोग हुने सबै किसिमका विषादी-परीक्षण भन्सार विन्दुमा नै गरेर मात्र पैठारी गर्नेसम्बन्धी मिति २०७६३२ को निर्णय कार्यान्वयन गर्ने सन्दर्भमा भन्सार विन्दुहरूमा प्रयोगशाला स्थापना गर्नू', आदेशमा भनिएको छ, ।' त्यसरी स्थापित प्रयोगशालामा सबै किसिमको विषादी परीक्षण हुनसक्ने अन्तर्राष्ट्रियस्तरको आधुनिक उपकरण र दक्ष जनशक्ति उपलब्ध गराउनू ।' सरकारले विषादी परिक्षण गर्दा नाममात्रको नहोस् भन्ने चाहना छ ।

उपभोक्ता हित संरक्षण मञ्चका तर्फबाट विष्णुप्रसाद तिमल्सिनाले दायर गरेको रिट निवेदनमाथिको सुनुवाइपछि अदालतले विदेशमा जाने आउने हैरानी आदेश गरेको छ । 'विषादीको प्रयोगलाई व्यवस्थित गर्नेसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन एवम् मापदण्डको प्रभावकारी कार्यान्वयन गर्न के-कस्तो योजना बनेको छ ? कुनै योजना बनेको भए त्यो योजना कार्यान्वयनका लागि के-कस्तो तयारी भएको छ ?', आदेशमा भनिएको छ, 'योजना नबनेको भए आम उपभोक्ताले विषादी परीक्षण नगरी पैठारी गरिएका र अनियन्त्रित मात्रामा विषादी प्रयोग गरिएका तरकारी तथा फलफूल खान बाध्य हुनुपर्ने अवस्थाको अन्त्य गरी जनस्वास्थ्य र वातावरणमा गुणात्मक सुधार ल्याउन गर्नुपर्ने निर्णय तथा क्रियाकलापको सूचीसहित सम्बन्धित जिम्मेवार अधिकारीसमेत तोक्नुपर्ने देखिनछ । सरकारलाई स्थानीय आवश्यकता नबुझ्ने कारण विषाक्त तरकारी खान बाध्य बनेको विर्सन मिल्दैन ।

# सोलेडाँडाको प्रवर्द्धन गरिँदै

**पोखरापत्र संवाददाता**
बागलुङ, २१ बैशाख

पर्यटकीय गन्तव्यका रुपमा विकास हुँदै गएको यहाँको सोलेडाँडालाई प्रवर्द्धन गर्न गाउँपालिका लागेको छ ।

तमानखोला गाउँपालिकाले पूर्वाधार निर्माण पछि सोलेडाँडालाई पर्यटकीय गन्तव्य बनाउन प्रवर्द्धनात्मक कार्यक्रम थालेको हो । वरपर घना जङ्गलको बीचमा रहेको दुई हजार छ सय ३० मिटर उचाइमा अवस्थित सोलेडाँडाको पूर्वाधार विकासमा लगानी गर्दै आएको गाउँपालिकाले प्रचारप्रसारको कामसमेत गर्न थालेको छ ।

सोलेडाँडामा सडकसहित अन्य पूर्वाधार निर्माण गरेको गाउँपालिकाले प्रचारप्रसारका लागि प्रवर्द्धनात्मक अभियान सञ्चालन गर्न थालेको हो । गाउँपालिकाले सोलेडाँडा प्रवर्द्धनका लागि सोलेडाँडामै पुगेर पर्यटन संवाद कार्यक्रमसमेत गरेको छ । पर्यटनको विकासका विषयमा होटल तथा सभाहलमा मात्रै बहस भइरहेका सन्दर्भमा सो गाउँपालिकाले सोलेडाँडामै पुगेर पर्यटनका विषयमा छलफल र प्रवर्द्धन गरेको छ भने आगामी दिनमा समेत पर्यटन सूचना केन्द्र, घरबासलगायतका आवश्यक कुरा स्थापना गर्ने तयारी थालेको छ । गाउँपालिकाले पर्यटनको विकास तथा प्रचारप्रसारका लागि यही मङ्गलबार सोलेडाँडामै पुगेर पर्यटन बहस गरेर प्रवर्द्धनको अभियान थालेपछि यहाँका स्थानीयसमेत उत्साहित बनेका छन् ।

यहाँका स्थानीयले सोलेडाँडा पुग्ने सडक सहज बनाउनुपर्ने, पर्यटकलाई आवासको व्यवस्थापन मिलाउनुपर्ने र सोलेडाँडाको महत्वलाई विश्वसामु पुऱ्याउन गाउँपालिकाले भूमिका खेल्नुपर्ने बताउँदै आएका छन् ।

स्थानीय उदिम छन्त्यालले तमानखोलाका पर्यटकीय गन्तव्य अवलोकनका लागि आउने पर्यटकका लागि घरबास स्थापना गर्नुपर्ने बताउनुभयो । "गाउँपालिकाले पूर्वाधारमा लगानी गरेको छ, तर त्यहाँ पुग्ने सहज सडक छैन, सडक कम्तीमा ग्राभेल बनाउने, सोलेडाँडामा अतिथि आवास बनाउनेतर्फ ध्यान दिन आवश्यक छ", छन्त्यालले भन्नुभयो, "यहाँको पर्यटन सम्भावनाका विषयमा नागरि कस्तरमा उजागर गर्नु पर्दछ, पूर्वाधारसँगै प्रचारप्रसार आवश्यक छ ।" तमानखोलामा सोलेडाँडासहित बराह ताल, नौडल्ले पहाड, ढोमैथानलगायतका स्थान अत्यन्तै पर्यटकीय सम्भावनायुक्त रहेको जनाइएको छ । बागलुङको तमानखोला-४ र म्याग्दीको मालिका गाउँपालिकाको सिमानामा पर्ने सोलेडाँडा लोभलाग्दो पर्यटकीयस्थल भए पनि प्रचारप्रसार र पूर्वाधारको अभावमा पर्यटकको आगमन सोचेजस्तो बढाउन नसकिएको स्थानीय नरकुमार गोतामेको भनाइ छ । सोलेडाँडामा सहिद स्मृति पार्क, सत्तल, शौचालय र खानेपानीलगायतको पूर्वाधारमा रु २० लाख बजेट खर्च भइसकेको तमानखोलाका अध्यक्ष जोकलाल बुढाले बताउनुभयो ।

सोलेडाँडाबाट प्राकृतिक दृश्यावलोकन, हिमशृङ्खला, सूर्योदय र चैत तथा वैशाखमा लालीगुराँसको वन हेर्न यहाँ पर्यटक पुग्ने गरेका छन् । उहाँले भन्नुभयो, "चैत र वैशाखमा लालीगुराँस फुल्दा र हिउँदमा सोलेडाँडालाई हिउँले छपक्कै छोप्दा सोलेडाँडाको आर्कषक थप हुन्छ, पालिकाले रु २० लाख लगानीमा केही पूर्वाधार निर्माण गरेको छ, अब खाँचो स्तरीय सडक र प्रचारप्रसारको हो ।" यहाँबाट बागलुङ र म्याग्दीका दर्जन गाउँसँगै धौलागिरि, धौलाश्री, माछापुच्छ्रे, मानापाथीलगायत दर्जनौं हिमशृङ्खलाको दृश्यावलोकन गर्न सकिन्छ । पछिल्लो समय सोलेडाँडामा म्याग्दी र बागलुङ दुवैतिरबाट घुम्न आउने आन्तरिक पर्यटक बढ्दै गएको भए पनि खान तथा बस्ने सुविधा नभएको स्थानीय बताउँछन् । गाउँपालिकाले सहिदको सम्मानका लागि गाउँपालिकाले पूर्वाधार निर्माणसँगै सहिदको सालिकसमेत निर्माण गरेको छ ।



फेवाताल किनारमा पर्यटकः
पोखराको पर्यटकीय क्षेत्र लेकसाइडको फेवाताल किनारमा बुधबार घुम्दै गरेका स्वदेशी तथा विदेशी पर्यटक । पछिल्लो समय पोखरामा पर्यटकहरुको संख्या बढ्दै जान थालेको छ । तस्बिरः ऋषिराम बराल/रासस

# दूधको परिकार बिक्री गर्दै सहकारी

**पोखरापत्र संवाददाता**
दमौली, २१ बैशाख

तनहुँको शुक्लागण्डकी नगरपालिका-४ स्थित शुक्ला कृषि पर्यटन सहकारी संस्थाले दूधबाट विभिन्न परिकार उत्पादनको तयारी थालेको छ । सहकारीले दूध प्रशोधन गरेर विभिन्न परिकार उत्पादनको तयारी थालेको हो । यसका लागि सहकारीले कृषि तथा पशुपक्षी विकास मन्त्रालय नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना अन्तर्गत विकेन्द्रित आयोजना सहयोग एकाई पोखरासँग सम्झौता गरेको छ ।

आयोजनामार्फत् दुलेगौँडा बजारमा डेरी उद्योग स्थापना गरी दूधबाट परिकार उत्पादनको अन्तिम चरणमा पुगेको सहकारी संस्थाका अध्यक्ष मुक्ति सिग्देलले जानकारी दिनुभयो । दूध प्रशोधन गरी घ्यू, पनिर, दही लगायतका परिकार उत्पादनका लागि रु ९९ लाख २९ हजार तीन सयको योजना लागत सहभागितामा सञ्चालन गरिने सिग्देलले बताउनुभयो । त्यसमध्ये रु ४९ लाख ६४ हजार छ सय ५० अनुदान प्राप्त हुनेछ, भने बाँकी रकम सहकारीले साझेदारी गर्नेछ । "दूध प्रशोधन गरी आवश्यक परिकार उत्पादनका लागि उपकरण आइसकेका छन्, छिट्टै नै उत्पादनको चरणमा जान्छौं," उहाँले भन्नुभयो ।

पाँच वर्ष अगाडि स्थापना भएको सहकारीले यस क्षेत्रका किसानले उत्पादन गरेका दूध बिक्री वितरण गर्दै आएको छ । सहकारीमार्फत् दैनिक एक हजार लिटर दूध बिक्री हुने गरेको छ । सहकारीले किसानलाई भैंसीको दूधको रु एक सय र गाईको दूधको रु ९० प्रतिलिटर उपलब्ध गराउँदै आएको छ । "किसानको दूध बिक्री वितरणका लागि सहकारीले नै गाडी पठाएर सङ्कलन गर्दै आएको छ, त्यसका लागि छ ठाउँमा सङ्कलन केन्द्र स्थापना गरेका छौं," उहाँले भन्नुभयो, "दूध बिक्रीका लागि बजारको समस्या छैन । स्थानीय बजारमै दूध खपत हुन्छ ।" सहकारीले किसानबाट दैनिक एक हजार दुई सय लिटर दूध सङ्कलन गर्दै आएको छ । डेरी उद्योग स्थापनाका लागि रु तीन करोड लगानी भएको छ । सहकारीले डेरी स्थापनाका लागि रु एक करोड ९० लाखमा जग्गा खरिद गरेको छ । "भैंसीको दूध बजारीकरणमा समस्या छैन, गाईको दूधबाट परिकार उत्पादन गरी बिक्री गर्ने तयारीमा लागिरहेका छौं", अध्यक्ष सिग्देलले भन्नुभयो, "सहकारीबाट दूध मात्रै बिक्री हुने गरेकामा अब प्याकेटिङ गरेर दूधजन्य परिकार बिक्रीवितरण गर्छौं ।" दुई हजार पाँच सय शेयर सदस्य आवद्ध सहकारीबाट एक सय किसानले दूध बिक्री वितरण गर्दै आएका छन् ।

दूध बिक्री गरेर किसानले मासिक रु एक लाखसम्म आम्दानी गर्दै आएका छन् । उत्पादन र उपभोग गर्ने लक्ष्यसहित सहकारी संस्थाले डेरी उद्योग स्थापना गरिएको बताइएको छ । सहकारीमा एक हजार दुई सय सात पुरुष र एक हजार दुई सय ६८ महिला आवद्ध छन् ।

सहकारीको रु ११ करोड शेयर पुँजी रहेको छ । विसं २०७५ वैशाखदेखि सञ्चालनमा आएको सहकारीले कृषि र उत्पादनमा जोड दिँदै लगानी गर्दै आएको छ । सहकारीमार्फत् स्थापित डेरी उद्योगबाट उत्पादित परिकार बजारीकरणमा सहयोग पुगोस् भन्नका लागि कृषि तथा पशुपक्षी विकास मन्त्रालयबाट सहयोग गरिएको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख डा बालकुमार श्रेष्ठले जानकारी दिनुभयो । जिल्लामा पशुपालनतर्फ किसानको आकर्षण बढेसँगै तनहुँ जिल्ला दूधमा आत्मनिर्भर बनेको उहाँले बताउनुभयो ।

# विदेशबाट फर्केर पशुपालन : मासिक डेढ लाख आम्दानी

**रासस**
म्याग्दी, २१ बैशाख

आफ्नै गाउँमा कमाइ गर्न सकिएन भन्दै विदेश जान मरिहत्ते गर्ने युवाको भीडमा दरवाङका एक युवाले भने गाउँमा नै विदेशभन्दा बढी कमाउन सकिन्छ भन्ने कुरा प्रमाणित गर्नुभएको छ ।

पश्चिम म्याग्दीको मालिका गाउँपालिका-६ उपल्लो बजारका २८ वर्षीय युवा सुजन पौडेल चार वर्ष युएईमा काम गरेर फर्केपछि पुन: विदेश नजाने प्रण गर्दै गाउँमै गरेको भैंसी पालनबाट मनग्य आम्दानी गर्न सफल हुनुभएको हो । उपल्लो दरवाङको केबि एकेडेमी नजिकै २०७७ सालदेखि भैंसीपालन गर्नुभएका पौडेलले छ भैंसीबाट दैनिक ४० लिटर दूध दरवाङ बजारमा बिक्री गर्दै आउनुभएको छ । प्रतिलिटर रु एक सय २० का दरले दूध बिक्री गर्दा पौडेलले दैनिक रु चार हजार आठ सय कमाइ गर्नुहुन्छ । दूध बिक्रीबाट मासिक रु एक लाख ४४ हजार कमाइ गर्ने पौडेलले सबै खर्च कटाएर मासिक रु ८० हजारभन्दा बढी बचत गर्ने गर्नुभएको छ । विसं २०७७ मा रु १२ लाखको लगानीबाट भैंसी पालन सुरु गर्नुभएका पौडेलले अहिले लगानी बढाएर रु २० लाख जति खर्च भएको बताउनुभयो । भैंसीपालनसँगै बाख्रापालन र तरकारी खेतीसमेत गर्नुभएका पौडेलको सबैतिरबाट आम्दानी जोड्दा मासिक रु एक लाखभन्दा बढी हुन आउँछ । "विदेशमा अरुको अधिनमा रही काम गर्दा पनि रु ४० हजारभन्दा बढी कमाइ हुँदैनथ्यो", पौडेलले भन्नुभयो, "यहाँ आफ्नै गाउँमा परिवारसँगै बसेर काम गर्ने हो भने रु एक लाखभन्दा बढी मासिक कमाइ गर्न सकिँदो रहेछ ।" पौडेलले क्रस जातका बाख्रा पाल्नुभएको छ । पाङ्गारिक मलबाट तरकारी खेतीसमेत गर्नुभएका पौडेल आफ्नो काम र कमाइ दुवैबाट सन्तुष्ट हुनुहुन्छ । "मलाई पनि सुरुमा विदेश जान पाए के के न हुन्छ होला जस्तो लाग्थ्यो, जब विदेश गएर त्यहाँका दुःख अनि त्यति दुःख गर्दा हुने आम्दानी देंखे, त्यसपछि विदेश बस्न मन लागेन र आफ्नै ठाउँमा आएर भैंसीपालन सुरु गरेको हुँ", उहाँले भन्नुभयो । दरवाङ गाउँपालिकाको कृषि तथा भेटेरनरी शाखाबाट भकारो सुधारका लागि उहाँले चालु आर्थिक वर्षमा रु दुई लाख अनुदान पाउनुबाहेक स्थानीय तहबाट अरु कुनै सहयोग प्राप्त हुन नसकेको बताउनुभयो । "आफ्नै गाउँमा केही गर्छु भनेर लागेका युवालाई स्थानीय तहले सहयोग गर्नुपर्छ, सरकारी अनुदान र सहयोगमा आफन्त, नातागोता र राजनीतिक आस्था हेरिनुहुन्न, यसो भयो भने मात्र सरकारले दिने सहयोग वास्तविक किसानसम्म पुग्छ र किसान प्रोत्साहित हुन्छन्", पौडेलले भन्नुभयो । म्याग्दीबाट बर्सेनि विदेशिने युवाको लर्को लाग्ने गर्दछ ।

चालु आवको चैत मसान्तसम्ममा मात्र विदेश जानका लागि जिल्ला प्रशासन कार्यालय म्याग्दीबाट पाँच हजार छ सय ८४ ले राहदानी लिएका जनाइएको छ । गत आव २०७८/७९ मा कार्यालयबाट चार हजार ७४ ले राहदानीका लागि सिफारिस लिएका थिए । सहायक प्रमुख जिल्ला अधिकारी धीरेन्द्रराज पन्तले गत वर्षभन्दा यस वर्ष राहदानी लिने सङ्ख्या बढेको बताउनुभयो । राहदानी लिने युवायुवती बढी छन् । विवाहित र नाबालक व्यक्ति राहदानी बनाउने पनि छन् । अमेरिका, युरोप, अस्ट्रेलिया, जापानसँगै खाडी मूलुकमा रोजगार, व्यवसाय, अध्ययन र पारिवारिक भेटघाटका लागि जानेको सङ्ख्या बढेसँगै राहदानी बनाउनेको सङ्ख्या बढेको सहायक प्रमुख जिल्ला अधिकारी पन्तले बताउनुभयो । अध्ययनका लागि विदेश पलायन हुने अधिकांश अध्ययनका लागिभन्दा पनि रोजगारकै लागि जाने प्रचलन छ ।

# बन्दीपुरका सुत्केरीलाई निःशुल्क एम्बुलेन्स

**पोखरापत्र संवाददाता**
तनहुँ, २१ बैशाख

बन्दीपुर गाउँपालिकामा सुत्केरीका लागि बन्दीपुर अस्पतालसम्म ल्याउन र लैजान निःशुल्क एम्बुलेन्सको व्यवस्था गरिएको छ । गाउँ कार्यपालिका बैठकले गाउँपालिकाभित्रका सुत्केरीलाई बन्दीपुर अस्पतालसम्म ल्याउन र लैजान निःशुल्क एम्बुलेन्सको व्यवस्था गर्ने निर्णय गरेको हो ।

बन्दीपुर अस्पतालमा उपचार हुन नसकि दमौली अस्पतालसम्म लैजानुपरेको अवस्थामा पनि निःशुल्क रुपमा सेवा दिने निर्णय गरिएको गाउँपालिकाका प्रवक्ता एवं वडा नं १ का अध्यक्ष शिवकुमार श्रेष्ठले जानकारी दिनुभयो । गाउँपालिकाले विगत १० वर्षयता विदेशबाट नेपाल फर्किएर नेपालमै व्यवसाय गरेको वा व्यवसाय गर्न चाहने नागरिकलाई व्यावसायिक अनुदान कार्यक्रम ल्याएको छ ।

विदेशबाट फर्किएका २५ देखि ४० वर्षभित्र उमेरसम्मका व्यक्तिलाई बढीमा रु एक लाखसम्म अनुदान दिन लागिएको उहाँले बताउनुभयो । उक्त सेवा लिनका लागि राहदानी, श्रम स्वीकृति, व्यवसाय दर्ता, नागरिकता, फोटो, व्यावसायिक योजनालगायतका कागजपत्र पेस गर्न गाउँपालिका कार्यालयले अनुरोध गरेको छ ।

त्यसैगरी बन्दीपुर-१ कार्यालयले घरबाट बाहिर निस्कन नसक्ने नागरिकलाई घरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्न थालेको छ । अशक्त, अपाङ्गता तथा हिँडडुल गर्न नसक्ने नागरिकका आफन्तले वडाबाट सिफारिस लगेपछि बुझेको भत्ता रकम सम्बन्धित व्यक्तिलाई नदिइ खर्च गर्ने गरेको गुनासो आएपछि घरमै पुगेर भत्ता वितरण कार्य थालिएको हो ।

मुक्तिनाथ विकास बैक डुम्रे शाखासँग समन्वय गरी हिँडडुल गर्न नसक्ने नागरिकलाई घरमै पुगेर भत्ता वितरण गरिएको वडाध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । वडाभित्र रहेका २३ यस्ता नागरिकलाई चौमासिक रु बाह्र हजारका दरले भत्ता वितरण गरिएको र अन्य व्यक्ति पनि पहिचान गरी सेवा प्रदान गर्न लागेको सो वडाले जनाएको छ । हातमा पैसा पाएपछि आफूलाई मन लागेको कुरा किन्न पाउने भएपछि उनीहरुमा खुसी छाएको गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बताउनुभयो ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : सहयोग मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मन चञ्चल | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# कानून निर्माण प्रक्रियालाई तीव्रता दिन्छु : मन्त्री गुरुङ

**रासस**
काठमाडौं, २१ बैशाख

नवनियुक्त कानून, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले कानून निर्माणको प्रक्रियालाई तीव्रता दिने बताउनुभएको छ ।

शपथग्रहणपछि मन्त्रालयमा आज पदभार ग्रहणमा उहाँले निर्माण गर्ने क्रममा रहेका र नयाँ निर्माण गर्नुपर्ने कानूनलाई प्राथमिकताका साथ अगाडि बढाउने बताउनुभयो ।

उहाँले आफू स्वतन्त्र न्यायालयप्रति प्रतिबद्ध रहेको भन्दै न्याय प्रणालीलाई छिटो छरितो बनाउने विषयमा सदा ध्यान दिएर काम गर्ने बताउनुभयो ।

# मकैको बीउ वृद्धि अभियान

रासस
बागलुङ, २१ बैशाख

कृषि ज्ञान केन्द्र बागलुङले मकैको बीउ वृद्धि अभियान थालेको छ। किसानले खोजेका बखत बीउ भेट्टाउन नसकेकाले उक्त केन्द्रले गत वर्षदेखि नै बीउ उत्पादन थालेको थियो । आगामी वर्षसम्म जिल्लामा माग भएअनुसार बीउ उत्पादन गर्ने केन्द्रको लक्ष्य छ । गतवर्षसम्म जिल्लामा मकैको बीउ अभाव थियो । किसानले बीउ नपाएर हैरान भएकाले बीजवृद्धि अभियान थालिएको केन्द्रका प्रमुख भानुभक्त भट्टराइले बताउनुभयो ।

चालु वर्षमा तीन दशमलव पाँच मेट्रिकटन बीउ उत्पादन भइसकेको छ। आगामी वर्षसम्म जिल्लाको आवश्यकता पूरा गर्ने लक्ष्य रहेको उहाँको भनाइ थियो। गत वर्षदेखि २५ हेक्टर जमिनमा बीजवृद्धि कार्यक्रम थालिएकाले आवश्यक बीउ पुऱ्याउन सकिने प्रमुख भट्टराईले बताउनुभयो । उत्पादित बीउ भण्डारणका लागि काठेखोला गाउँपालिकामा २० टन, जैमिनीमा २० टन र बरेङमा १० टन क्षमताको भवनसमेत निर्माण गरिएको छ। त्यस्तै बडिगाड गाउँपालिका-१ को दगातुम्डाँडामा गत वर्ष नै ३० टन क्षमताको भवन बनिसकेको छ। चालु आर्थिक वर्ष बरेङमा १५ हेक्टरमा बीजवृद्धि कार्यक्रम सञ्चालन भइरहेको र त्यसबाट ३५ टन मनकामना जातको प्रमाणित बीउ उत्पादन हुने उहाँले बताउनुभयो। बीज वृद्धिका लागि गणेश र मनकामना जातको मकै बढी लगाइने गरिएको छ।

हावापानीको हिसाबले बागलुङको अधिकांश स्थान मकै उत्पादनका लागि अब्बल स्थान मानिएको छ । "राम्रो उत्पादन हुने भएकोले मकैको बीउ तथा बाली उत्पादन बिशेष कार्यक्रम नै सञ्चालन गरिएको छ" बाली विकास अधिकृत दिनेश पाठकले भन्नुभयो, "गण्डकी प्रदेश सरकारले पनि बीउ उत्पादनका लागि लगानी गरेको छ।" चालु आर्थिक वर्ष गण्डकी सरकारको रु पाँच करोड बजेटबाट उन्नत बीउ उत्पादन गर्ने लक्ष्य रहेको र सो रकमबाट बागलुङमा मात्रै रु ४८ लाख लगानी गरिएको उहाँले बताउनुभयो । सङ्घीयता लागू गर्दा हटेका तत्कालीन कृषि कार्यालय ज्ञान केन्द्रको रुपमा स्थापित हुन चार वर्ष लागेकाले बीउ उत्पादनमा असर परेको थियो। विज्ञ नभएको र पालिका तहमा सामान्य कृषि प्राविधिक मात्र आउँदा बाली विकास र उत्पादन बढाउने योजना बनेका थिएनन्।

"विज्ञको अभावमा बीजवृद्धि कार्यक्रम त ठप्पै भएको थियो। चार वर्षसम्म बीउ उत्पादन नहुँदा झण्डै लोप हुन लागेकामा अहिले लगानी बढाएर बीजवृद्धि कार्यक्रम ल्याउनु परेको हो" प्रमुख भट्टराईले भन्नुभयो, "खाद्य वस्तु नै उत्पादन नभए कसरी कृषिको विकास होला ?" जिल्लामा तरकारीलगायत अन्य बीउ वृद्धि गर्ने कार्यक्रमसमेत ल्याइने उहाँले बताउनुभयो।

# पोखरामा सिरिज 'ब्रह्माण्ड' को छायाँकन, भारतको ओटीटी प्लाटफर्ममा रिलिज गरिने

प्रेम बहादुर आले
पोखरा, २१ बैशाख

खासगरी सिरिज निर्माणको ट्रेन्ड छिमेकी मुलुक भारतमा बढी छ। हलिउड र बलिउडका चर्चित कलाकार नै सिरिज निर्माणमा लागिरहेका छन । नेपालमा भने छिटफुट रुपमा मात्रै सिरिज निर्माण हुन्छ। अझ व्यवसायिक हिसाबले सिरिज निकै पछाडि छ । यस्तैमा कान्तिपुर फिल्म एकेडेमी र टोपी स्टुडियोले एक सिरिज निर्माण गर्न लागेको छ। सिरिजको नाम हो ' ब्रह्माण्ड" ।

सस्पेन्स फिल्मी ड्रामा र नेपालको प्राकृतिक सुन्दरतालाई दर्शाउने कथामा सिरिज बन्दै गरेको कान्तिपुर फिल्म एकेडेमीको प्रमुख कार्यकारी अधिकृत(सिइओ) प्रकाश पुरीले जानकारी गराएका छन्। उनका अनुसार बाबुछोराको शहरसँगको सम्बन्ध र त्यसले पारेको प्रभावका विषयलाई समेट्न खोजिएको छ।

आफुले निर्माण गर्ने सिरिजले बजारीकरणसमेत गर्ने दाबी उनको छ । उसो त नेपालमा ओटीटी प्लाटफर्म सोचेजस्तो नहुदा सिरिज निर्माणमा धेरैको ध्यान नपुगेकै हो । डिजिटल मार्केटमा नेपाली दर्शक कमै छन् । यति हुँदा हुँदैपनि कान्तिपुर फिल्म एकेडेमी र टोपी स्टुडियोले जोखिम मोलेको पाइन्छ। बजार र दर्शकको अभावमा पनि सिरिजलाई कस्तो सफलता मिल्ला हेर्न बाँकी छ। तर निर्माण युनिट भने निकै आशवादी देखिन्छ । पुरी भन्छन्,"यो सिरिज माध्यम कन्टेन्टलाई अडियन्स समक्ष पुर्याउने प्रयत्न गरिएको हो। सिनेमा भन्दा माथि उठेर डिजिटल प्लाटफर्ममा नेपाली कथालाई पुर्याउने जमर्को हाम्रो हो । सिनेमाका सबै कथा अब हलमा मात्रै हेरेर सम्भव हुँदैन। सिरिजलाई लिएर आशावादी छौं।"

नेपाली कथा अब विश्व बजारमा पुग्न आवश्यक छ । चाहे सिनेमाको माध्यमबाट होस् या सिरिज । कन्टेन्टलाई हिरो बनाएर अगाडि बढे सफलता अवश्य मिल्नेछ । विदेशी कन्टेन कपीमै रमायौं भने नेपाली दर्शकले सिरिजलाई पत्याउने छैनन्। सिरिज "ब्रह्माण्ड" यूनिटको नेपालीपन झल्काउने दाबी छ । पोखराको ओपन हाउस, गुप्तेश्वर गुफा, चरक मेमोरियल हस्पिटल, लेकसाइड स्ट्रिट, ट्रेडमल, मिडटाउनमा लगायतका स्थानमा छायाँकन गरिएको सिरिजमा कलाकारहरु सुनील थापा, अर्पण थापा, राजन खतिवडा, विष्णु पहारी लगायतको अभिनय रहेको छ । पहिलो चरणमा तीन एपीसोडको छायाँकन पोखरामा गरिएको हो। सिरिजको सम्पूर्ण छायाँकन पोखरामा नै गर्ने तयारीमा निर्माण युनिट छ। सिरिजलाई ओटीटी प्लाटफर्म जी फाइव र अमेजन प्राइममा रिलिज गरिने टोपी स्टुडियोका संचालक सागर राज आचार्यले बताए । उनका अनुसार सिरिज माध्यम पोखराको सुन्दरतालाई विश्व बजारमा पुर्याउन मदत पुग्नेछ।

# २०४८ सालमा ट्र्याक खोलेको सडकको कालोपत्र सुरु

प्रेम बहादुर आले
गोरखा, २१ बैशाख




बर्षौदेखि अलपत्रमा परेको गोरखा जिल्लाको गोरखा नगरपालिका अन्तरगत पर्ने गैरीकुवा-नारेश्वर सडक खण्डमा कालोपत्रे सुरु भएको छ।

२०४८ सालमा ट्र्याक खोलेको उक्त सडक खण्ड ३३ वर्ष पछि कालोपत्रे सुरु भएको हो । 'घाम लाग्दा धुलो, पानी पर्दा हिलाम्मे हुन्थ्यो । अब भने आवतजावतमा धेरै सजिलो हुने भयो।' नारेश्वर ३ का सर्वसाधरण जनाताहरुले भने। नारेश्वरबासीको वर्षो देखिको सपना पुरा भएका छन्। भने उनीहरु निकै खुसी पनि भएका छन् । समय बचत भयो, सजिलो बाटो हिड्न पाइने भयो, भाडादर पनि कम हुने पाइयो, तहाँका स्थानीय बासिन्दाहरुले भने । वर्षौं देखि हिलाम्मे उक्त सडक कालोपत्रेका लागि बजेट परेपनि काममा ढिलाई भएको थियो । म्याद थप गरेको १ वर्ष पछि अहिले कालोपत्रे सुरु भएको हो । १० किलोमिटर ३ सय ५० मिटर लामो गैरीकुवा-नारेश्वर सडक खण्ड पक्कि नाली सहित प्रिभिक्स कार्पेट प्रविधिबाट कालोपत्रे गर्ने गरि सम्झौता रौताहा पी.के./गोरखा जेभिले २०७६ साल फागुन १४ गते सम्झौता गरेका थिए । २ वर्षमा २०७८ चैत महिना भित्र निर्माण सक्ने गरी सम्झौता भएता पनि हाल सम्म काम सम्पन्न भएको थिएन । उक्त सडक खण्ड निर्माणका लागि कुल २५ करोड ६३ लाखमा संम्झौता भएको पूर्वाधार विकास कार्यालय गोरखाले जानकारी दिए । हाल सम्म त्यस सडकको लागि २० करोड भुक्तानी भइसकेको कुरा समेत बताए । स्थानीय तह निर्वाचन ले गर्दा काम निरन्तर हुन सकेन। भने त्यसरी नै एक महिना जति क्रसर उद्योग बन्दा हुदाँ पनि त्यसले धेरै ढिलाई गरेको पूर्वाधार विकास कार्यालय गोरखाको भनाई छ । जेठ महिनामा उक्त काम पुरा हुने उक्त कार्यालयको दाबी छ। 'हामी जति सक्दो छिटो काम सकाउछौ, कार्यालयले भने, 'हामी असार भित्र हस्तारण गर्ने योजनामा छौं। सडक निर्माणको कार्य सम्पन्न भएपछि उक्त ठाउँमा दैनिक रुपमा आवतजावत गर्न सजिलो हुने भन्दै स्थानीय बासीहरु खुसी भएका छन्। सदरमुकामको नजिकै रहेर पनि ओझेलमा परेको गैरीकुवा-नारेश्वर सडक खण्ड हाल आएर बल्ल पक्की सडक हुने भएको हो।

# आठ वर्षमा दुई सय बीस गैंडा मरे

रासस
चितवन, २१ बैशाख

बिगत आठ वर्षमा चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा गरी २२० गैंडा मरेका छन् । आर्थिक वर्ष २०७२/७३ देखि हालसम्ममा ती गैंडा मरेका हुन।

निकुञ्जका अनुसार ६४ गैंडा बुढो भएर र भिरबाट लडेर मरेका छन् भने १९ गैंडा दलदलमा फसेर र बाढीले बगाएर मरेका हुन् । निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार आपसमा जुधेर आठ वर्षको समयमा ५१ गैंडा मरेका छन्। यस्तै बाघको आक्रमणबाट २०, चोरी शिकारीबाट नौ, करेन्ट लागेर आठ, बिरामी तथा रोगी भएर १२, खाडलमा परी तीन, विष सेवनले पाँच तथा कारण नखुलेका २९ गैंडा रहेको उहाँले जानकारी दिनुभयो । तिवारीका अनुसार विगत आठ वर्षमा एक सय भाले र ७६ पोथी गैंडा मरेका छन् भने लिङ्ग पहिचान नभएका ४४ गैंडा मरेका छन् । आर्थिक वर्ष २०७२/७३ देखि यता निकुञ्जमा सबैभन्दा बढी गैंडा आव २०७५/७६ मा मरेको कार्यालयको तथ्याङ्कले देखाएको छ । सो आवमा ४३ गैंडा मरेका थिए । सबैभन्दा कम आव २०७२/७३ मा १४ गैंडा मरेको तिवारीले बताउनुभयो। तिवारीका अनुसार आव २०७३/७४ मा २५, आव २०७४/७५ मा २६, आव २०७६/७७ मा २६, आव २०७७/७८ मा ३३ र आव २०७८/७९ मा ३७ गैंडा मरेका छन् । चालु आवको हालसम्म १६ गैंडा मृतावस्थामा भेटिएको उहाँले जानकारी दिनुभयो।

निकुञ्जको तथ्याङ्कअनुसार आव २०६५/६६ देखि आव २०७९/८० सम्म ३२३ गैंडा मरेका छन् । निकुञ्जमा गैंडाको सङ्ख्या बढ्दै जाँदा आपसमा जुधेर र बूढो भएर मर्नेको सङ्ख्या धेरै रहेको तिवारीले बताउनुभयो। गैंडाको चरनका लागि निकुञ्जले घाँसेमैदान व्यवस्थापन र पानीको संरक्षणमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको उहाँले जानकारी दिनुभयो।

# हेमजामा मुक्तक लेखन कार्यशाला तथा प्रशिक्षण

ललित अधिकारी/ तुलसी धमला
पोखरा, २१ बैशाख



हेमजा साहित्य प्रतिष्ठान नेपालले संस्था स्थापनाको रजतजयन्ती सन्दर्भमा बुद्ध जयन्तीको अवसर पारेर मुक्तक लेखन कार्यशाला तथा प्रशिक्षण सम्पन्न गरेको छ।

गण्डकी प्रज्ञा-प्रतिष्ठानको सहयोगमा आयोजित कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रज्ञा-प्रतिष्ठानका कुलपति सूर्य खड्का बिखर्चीले प्रतिष्ठानले स्थापनाको रजतवर्षको अवसरमा प्रभावकारी कार्यक्रम सञ्चालन गरेको बताए। मुक्तकबारे धारणा राख्दै बिखर्चीले थोरै समय मै चोटिलो एवम् पोटिलो रचना अध्ययन गर्न, मुक्तकको सन्देश मनन गर्न सकिने भएकाले पछिल्लो समय र पुस्ता माझ मुक्तक लोकप्रिय रहेको धारणा व्यक्त गरे।

प्रतिष्ठानका पूर्व अध्यक्ष तथा गण्डकी प्रज्ञा-प्रतिष्ठानका परिषद् सदस्य कृष्णप्रसाद पौडेलले प्रज्ञा-प्रतिष्ठान निरन्तर भाषा, साहित्य, कला संस्कृतिको संरक्षण एवम् प्रवर्द्धनमा क्रियाशील रहेकोमा त्यसैको एउटा निरन्तरता हेमजा साहित्य प्रतिष्ठानसँगको सहकार्य भएको बताए। उद्घाटन सत्रमा बोल्दै सकारात्मक सोचका अभियन्ता भीमप्रसाद श्रेष्ठ, हेमजा बोर्डिङ स्कुलका सञ्चालक तथा संस्थाका पूर्व सचिव माधवशरण पौडेल, धवलागिरि बोर्डिङ स्कुलका संस्थापक प्राचार्य शिव रेग्मी, संस्थाका कोषाध्यक्ष रीता कार्की कुँवरलगायतले प्रतिष्ठान हेमजाको एउटा ब्राण्डकारूपमा स्थापित भएको धारणा राखे।

२५ वर्ष २५ विशेष कार्यक्रम अन्तर्गत तेस्रो कार्यक्रम मुक्तक लेखन कार्यशाला तथा प्रशिक्षण आयोजना गरेको प्रतिष्ठानका उपाध्यक्ष सुनिल गायकले जानकारी दिए । संस्था स्थापनाको २५ वर्ष, २५ विशेष कार्यक्रमअन्तगर्त कार्यशाला आयोजना गरिएकाले २५ जनालाई मात्र सहभागी गराइएको संस्थाका सदस्य ढुण्डिराज ज्ञवालीले बताए । कार्यक्रममा अन्तर र्ष्ट्रिय नेपाली साहित्य समाज अनेसास गण्डकीका महासचिव असफल गौतमले सहजीकरण गरेका थिए । कार्यशालामा सहभागीलाई ततस्थानीय मुक्तक लेखन तथा वाचन गराएर उत्कृष्ट चार मुक्तककारलाई नगदसहित पुरस्कृतसमेत गरिएको थियो।

सहभागी रोशन गुरुङले कविता र मुक्तकको भिन्नता थाहा नभएको बेलामा कार्यशाला निकै लाभ पुऱ्याएको बताउँदै विभिन्न विद्यालयमा यस्ता कार्यक्रम सञ्चालन गर्न आयोजकलाई आग्रहसमेत गरे । सहभागी धनदेवी जिसीले प्रतिष्ठानले २५ वर्षको सन्दर्भमा आयोजना गरेका सबै कार्यक्रममा सहभागी हुन पाउँदा खुसी लागेको बताइन्।

अध्यक्षको आसनबाट बोल्दै बलराम पौडेलले रजतवर्षलाई सफल पार्न प्रत्यक्ष-अप्रत्यक्ष सहयोग र सहकार्य गरेर हौसला बढाउने सम्पूर्णप्रति आभार व्यक्त गरे। मुक्तक कार्यशालाका लागि सहयोग गर्ने गण्डकी प्रज्ञा-प्रतिष्ठानलाई धन्यवाद दिँदै आगामी दिनमा यस्तै साथ र सहयोगले प्रतिष्ठानका गतिविधिलाई दिन प्रतिदिन प्रभावकारी बनाउँदै लैजान हौसला मिल्ने बताए।

# यस वर्षको मनसुनमा सरदरभन्दा कम वर्षा हुने

रासस
काठमाडौं, २१ बैशाख

यस वर्षको मनसुन समयमा देशका अधिकांश स्थानमा सरदरभन्दा कम वर्षा हुने सम्भावना रहेको छ।

उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गतको जल तथा मौसम विज्ञान विभागले बिहीबारयहाँ एक कार्यक्रमको आयोजना गरी यस वर्षको मनसुन समय (जेठ १८ देखि असोज १३गते) को हावापानी आकलन प्रक्षेपण गरेको हो। विभागले सन् २०१३ देखि हरेक वर्ष मनसुनको समय सुरु हुनुपूर्व 'राष्ट्रिय मनसुन फोरम' आयोजना गरी मनसुन समयको हावापानी आकलन सरोकारवालालाई प्रवाह गर्दै आइरहेको छ। यसै सिलसिलामा विभागले बिहीबार सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतको प्रमुख आतिथ्यतामा 'राष्ट्रिय मनसुन फोरम' आयोजना गरी मनसुन समयको वर्षा तथा तापक्रमको आकलनको जानकारी गराएको छ । आगामी मनसुन समयमा देशका अधिकांश स्थानमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ३५ देखि ५५ प्रतिशत रहेको छ। कोशी प्रदेशका मध्य तथा उत्तरपूर्वी भू-भाग, बागमती प्रदेशका दक्षिण-पूर्वी भू-भाग र मधेश प्रदेशका अधिकांश भू-भागमा सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ। यसैगरी अधिकतम् तापक्रम देशभर सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ५५ रहेको विभागले जनाएको छ। न्यूनतम तापक्रम केही स्थानमा सरदर र केही स्थानमा सरदरभन्दा बढी हुने सम्भावना छ । धेरैजसो भू-भागमा न्यूनतम् तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ । यस्तै सुदूरपश्चिम प्रदेशका मध्य भू-भाग, कर्णाली प्रदेशका मध्यपश्चिमी भू-भाग, गण्डकी र बागमती प्रदेशका उत्तरी भू-भाग, लुम्बिनी प्रदेशका पूर्वी तथा पश्चिमी भू-भाग र मधेश प्रदेशका पूर्वी भू-भागमा सरदर हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको छ । यस कार्यक्रमको प्रमुख उद्देश्य आगामी मनसुन समयको वर्षा तथा तापक्रमको ऋतुगत आकलनबारे जानकारी गराइनाका साथै छलफलमार्फत सरोकारवालाको आवश्यकता पहिचान गरी सोहीअनुसार विभागको सेवा प्रवाहको सुदृढीकरण, सरोकारवालालाई मौसम तथा जलवायु सूचनाका बारेमा जानकारी गराइ आ-आफ्नो क्षेत्रको आगामी योजना तर्जुमालगायत जलवायु सूचित निर्णय प्रक्रियामा सहयोग पुऱ्याउनु रहेको विभागको भनाइ छ।

# 'बुद्धका उपदेश अनुसरणबाट नै शान्ति र समृद्धि'

रासस
काठमाडौं, २१ बैशाख

बुद्धका उपदेशको अनुसरणबाट नै मुलुक शान्तिमय र समृद्ध हुने बौद्ध विज्ञहरूले बताउनुभएको छ । सबै वर्ग समुदायबीच समन्वय र मिलाप कायम हुन थुप्रै उपदेश बुद्धले दिएको भन्दै वक्ताहरूले त्यस्ता उपदेशलाई विश्वव्यापी बनाउन जरुरी रहेकोमा जोड दिनुभयो।

लुम्बिनी बौद्ध विश्वविद्यालयले २५६७औं बुद्ध जयन्तीको अवसरमा आज लुम्बिनीमा आयोजना गरेको 'समृद्धिका लागि शान्ति : सम्बुद्ध' विषयक परिसंवाद कार्यक्रममा बोल्दै वक्ताहरूले बुद्धका उपदेशको अनुसरणमा जोड दिनुभयो। लुम्बिनी विकास कोषका उपाध्याक्ष भिक्षु मेत्तेयले वर्ग समन्वयबाट शान्ति कायम हुने उपदेश बुद्धले दिएको बताउनुभयो। विश्वका धेरै मुलुकमा वर्गीय सङ्घर्षका क्रान्तिहरू भए पनि त्यसले मात्रै शान्ति र स्थायित्व हुन नसक्ने भन्दै उहाँले वर्ग समन्वयबाटै शान्ति र समृद्धि हुन सक्ने बताउनुभयो। उहाँले हाम्रो मुलुकको समृद्धिका लागि पनि बुद्धले भनेजस्तै वर्गीय समन्वयको आवश्यकता रहेको बताउनुभयो । बुद्धजयन्ती बुद्धको जन्म, बुद्धत्व र महापरिनिर्वाण गरी त्रिसंयोग भएको भन्दै उहाँले यो समयमा बुद्धका उपदेश अनुसरण गर्दै बुद्धलाई सम्झिनुपर्ने बताउनुभयो।

बौद्ध विश्वविद्यालयका निमित्त उपकुलपति एवं रजिष्ट्रार डा तिलक आचार्यले बुद्धका उपदेशको अनुसरण तथा प्रवर्द्धनबाटै समृद्धि हासिल हुने बताउनुभयो । थाइल्याण्डको धम्मकाय विश्वविद्यालयले गरेका कार्यको स्मरण गर्दै उहाँले लुम्बिनी बौद्ध विश्वविद्यालयले बुद्ध संस्कृति, दर्शनको खोजमार्फत प्राज्ञिक कार्य गर्दै आइरहेको बताउनुभयो । "अबको दशक प्राज्ञिक र सृजनात्मक अभियानका साथ प्राज्ञिक कार्यलाई शान्ति र समृद्धिसँग जोडर विश्वविद्यालयले काम गरिरहेको छ", उहाँले भन्नुभयो, "बुद्धका उपदेशको अनुसरणले शान्ति र स्थायित्वमा महत्त्वपूर्ण टेवा पुग्छ। त्यसमा जोड दिएका छौं ।" विश्वविद्यालयका बौद्ध अध्ययन सङ्कायका डिन डा माणिकरत्न शाक्यले बुद्ध जन्म र मृत्युको मितिलाई आधार मानेर बुद्धजयन्ती मनाउने गरिएको भन्दै उहाँले बुद्ध पूर्णिमा जन्ममात्रै नभएर त्रिसंयोग रहेको बताउनुभयो । अनुसन्धान केन्द्रका निर्देशक प्रा डा गितु गिरीले बुद्धजयन्तीलाई लुम्बिनी क्षेत्रका समुदायसहितको अपनत्व दिएर मनाउन सकिने बताउनुभयो। उहाँले दर्शन, संस्कृतिको खोज अनुसन्धानले नै बुद्धलाई जीवन्त बनाइरहने भन्दै हरेक नागरिकमा बुद्ध उपदेश पुऱ्याउने गरी अनुसन्धान केन्द्रले काम गरिरहेको बताउनुभयो।